# थलारा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खोली, बझाङ
## सुदूरपश्चिम प्रदेश, नेपाल

Website: www.thalaramun.gov.np
E-mail: thalaramun@gmail.com
Audio Notice Board: १६१८०७०७९२२५४
Toll Free Number: १८१०५०००१६
Contact No: ९८५८४९०२५४


प.सं. २०८१/०८२
सूचना नं. ०५

मिति: २०८१/०४/२७
ने.सं. ११४४, गुंलाथ्व, ७ आईतवार

थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोली, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

**माछा मार्न बन्द गरिएको सम्बन्धि सूचना !**

यस थलारा गाउँपालिकाको जलचर तथा जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६ को दफा ५ बमोजिम माछाले फुल पार्ने तथा प्रजनन् गर्ने समय भदौ, असोज, फागुन र चैत्र महिनामा रहेकोले पछिल्लो समय अत्याधिक विनासकारी तरिकाबाट करेन्ट लगाउने, जैविक तथा रसायनिक विषादी प्रयोग गर्ने, महाजाल, पासा र नदी खोला थुनछेक गरी माछा मार्दा पालिका क्षेत्रमा रहेको नदी र खोलामा माछाको संख्या चिन्ताजनक रुपमा घटिरहेको छ। जलीय जैविक विविधताको स्वास्थ्यको सूचकको रुपमा रहेका माछा लगायत अन्य जलचरको संरक्षण र दिगो उपयोग गरिएन भने भविष्यमा हाम्रो वातावरणमा थप नकारात्मक असर पर्ने भएको हुँदा सो अवधिमा यस पालिका वडा नं. ९ को जडारीगाड दोभान र सेती नदी देखि राक्सेगाड सम्म, वडा नं. ६ राक्सेगाड दोभानदेखि थलारी गाडमा पर्ने सम्पूर्ण वडा, थलारी गाड देखि वडा नं. ३, ४, १ सम्मको रेगम गाड दोभान, बझाङ्गको थलारा डोटीको सिमाना र सेती नदी क्षेत्रसम्म माछा मार्न बन्द गरिएको व्यहोरा सबैमा सुचित गरिन्छ। यदि यो सूचनाको अवज्ञा गरी कुनै पनि साधन वा तरिकाले माछा मारेको पाइएमा ऐन बमोजिम कार्वाही गरिने व्यवोरा सम्बन्धित सबैमा सूचित गरिन्छ।

०८१/०४/२६

सिद्धराज पण्डित
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

१. ईलाका प्रहरी कार्यालय थलारा, बझाङ्ग
२. थलारा गाउँपालिकाका सम्पूर्ण वडा कार्यालयहरु